FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref. N-01-015-17

## नवनिर्वाचित राष्ट्रपतिलाई गैरआवासीय नेपाली संघको बधाई

गैरआवासीय नेपाली संघले नवनिर्वाचित राष्ट्रपति बिद्यादेवी भण्डारीलाई हार्दिक बधाई दिदै सफल कार्यकालका लागि शुभकामना ब्यक्त गरेको छ ।

संघका अध्यक्ष शेष घलेद्वारा एक बिज्ञप्ति जारी गरी गैरआवासीय नेपाली संघ एवं आफ्नो ब्यक्तिगत तर्फबाट बधाई तथा शुभकामना दिनुभएको छ । राष्ट्रपतिको कार्यकालमा मुलुक एक सम्बृद्ध राष्ट्रको रुपमा अगाडी बढ्ने गैरआवासीय नेपालीहरुले आशा एवं बिश्वास लिएको घलेले बताउनुभएको छ ।

'नेपाल राष्ट्रको प्रथम महिला राष्ट्र अध्यक्षको रुपमा र अहिलेको संवेदनशील घडिमा एक महत्वपूर्ण तथा चुनौतिपूर्ण भूमिका लिनु भएकोमा तपाईलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।' अध्यक्ष घलेले जारी गरेको बिज्ञप्तिमा भन्नुभएको छ- सम्मानिनीय राष्ट्रपतिज्यूको कार्यकालमा नेपालले एक समृद्ध राष्ट्रको रुपमा विश्व सामु आफ्नो पहिचान राख्न सकोस् ।'

भण्डारीको जित नेपालजस्तो महिला शसक्तिकरणको अभाव रहेको मुलुकका लागि झनै प्रेरणादायी रहेको बताउनुभएको छ । 'राष्ट्र निर्माणको यात्रामा जनसंख्याको आधा हिस्सा रहेको महिलाको शक्ति र सम्भावनाको पूर्ण उपयोग हुन नसकेको हाम्रोजस्तो मुलुकमा यहाँको जित ठूलो समुदायका लागि प्रेरणाको स्रोत हुने हाम्रो बिश्वास छ ।' उहाँले भन्नुभएको छ ।

गैरआवासीय नेपाली संघले हालै सातौ बिश्वसम्मेलन सफलतापूर्वक सम्पन्न गरी राष्ट्र पुन:निर्माणमा साझेदारी गर्न सुरुवात गरेको जानकारी गराउँदै अध्यक्ष घलेले गैरआवासीय नेपाली संघ सदाझैं मुलुकको सम्बृद्धिमा सहयोग र सहकार्य गर्न तत्पर रहेको बताउनु भएको छ ।

गैरआवासीय नेपाली संघको सचिवालय,
काठमाण्डौ ।

मिति : २०७२ कार्तिक १२

NRNA Secretariat, FNCCI Building, Pachali Shahid Shukra FNCCI Milan Marg Teku, P O Box 269, Kathmandu, Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Email: nrn@nrn.org.np, Website: www.nrn.org.np